# पुथा उत्तरगङ्गा गाउँपालिका

## गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

बैठक सङ्ख्याः ५६, बैठक मितिः २०८३।०३।०५ देखि मिति २०८३।०३।०७ गते सम्म

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५५ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५६ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | नीति तथा कार्यक्रम सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम विस्तृत रुपमा छलफल गरी कार्यपालिका सदस्यहरुबाट प्राप्त सल्लाह सुझावलाई समेटि २२ औं गाउँ सभामा प्रस्तुत गर्ने निर्ण गरियो | |
| ३ | बजेट तथा कार्यक्रम सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को बजेट सम्बन्धमा विभन्न विषयगत समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णयले यस कार्यपालिकामा पेश गरेको बजेट तथा कार्यक्रमलाई छलफल गरी अनुमोदनका लागि २२ औं गाउँ सभामा पेश गर्ने निर्णय गरियो । | |
| ४ | विभिन्न विषयगत समितिको प्रतिवेदन प्रस्तुत तथा अनुमोदन सम्बन्धमा । | पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका अन्तर्गतका पाँचवटै विषयगत समितिहरू आर्थिक विकास), सामाजिक विकास, पूर्वाधार विकास, वनवातावरण तथा विपद् व्यवस्थापन/, र सुशासन तथा संस्थागत विकास समितिका संयोजकहरूद्वारा पेश ( गरिएका प्रतिवेदन, भावी कार्यदिशा र सिफारिसहरू माथि दफावार छलफल गरि उक्त समितिहरूले चालु वर्षमा गरेका कार्यहरूको समीक्षा गर्दै सम्पूर्ण प्रतिवेदनहरूलाई परिमार्जन सहित सर्वसम्मत रूपमा अनुमोदनका लागि २२ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो । | |
| ५ | आर्थिक विद्येयक सम्बन्धमा । | राजस्व परामर्श समितिको सिफारिस बमोजिम आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि पालिकाले लगाउने कर , गैरकर, शुल्क, दस्तुर तथा आन्तरिक राजस्व संकलन सम्बन्धी दररेटको प्रस्तावलाई कार्यपालिकाबाट स्वीकृत गरियो। यस व्यवस्थालाई कानुनी रूप दिन तयार पारिएकोआर्थिक विधेयक, २०८३ को मस्यौदालाई आगामी गाउँसभामा निर्णयार्थ पेश गर्न स्वीकृति दिने निर्णय गरियो। | |

स्थानीय सरकार पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा, (रुकुम पूर्वी भाग) लुम्बिनी प्रदेश, नेपाल २०७२

| | | | |
|---|---|---|---|
| ६ | **विनियोजन विधेयक सम्बन्धमा ।** | आगामी आर्थिक वर्ष २०८३।०८४ मा बजेट तथा कार्यक्रम विभिन्न क्षेत्र तथा शीर्षकहरूमा रकम विनियोजन गर्ने र खर्च गर्ने कानुनी अख्तियारी प्रासिका लागि तयार पारिएको विनियोजन विधेयक २०८३ को मस्यौदामाथि छलफल गरियो। उक्त विधेयकको मस्यौदालाई कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभाको बैठकमा पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो। | |
| ७ | **चालु आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन प्रस्तुत तथा अनुमोदन सम्बन्धमा ।** | चालु आर्थिक वर्ष २०८३।०८४ को नीति, कार्यक्रम र बजेटको भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरियो। चालु वर्षको खर्च हुन बाँकी वा थपघट गर्नुपर्ने बजेटको संशोधित अनुमान )Revised Estimate)लगायत गाउँसभामा पेश गरिने सम्पूर्ण प्रतिवेदनहरू, विधेयकहरू र अन्य कानुनी तथा प्रशासनिक कागजातहरूलाई जाँचबुझ गरी कार्यपालिकाबाट सर्वसम्मत रूपमा अनुमोदन गरियो। | |

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत